# रेडप्लसमा समताको सवाल

✍ गणेशकुमार विश्वकर्मा[1] र ज्योति घिमिरे

## विषय सन्दर्भ

जलवायु परिवर्तनको क्रम निरन्तर भईरहने प्राकृतिक प्रक्रिया हो । तर पनि विभिन्न मानवीय क्रियाकलापले यसको प्राकृतिक प्रक्रियामा असर पुग्न गई असामान्य र तीव्र तापक्रम वृद्धिले जलवायु परिवर्तन विश्वव्यापी चासोको विषय बन्दै गइरहेको छ । बिसौं शताब्दीमा पृथ्वीको तामक्रम ०.६ डि.ग्री. सेल्सियसका दरले बढेको देखिन्छ र यही गतिमा परिवर्तन भइरहने हो भने अबको सय वर्षमा १.८ देखि ४ डिग्री सेल्सियस सम्म तापक्रम बढ्ने अनुमान वैज्ञानिकले गरेका छन् (IPCC 2003)। विकास प्रक्रियासँगै मानवीय आवश्यकता पूर्तिका लागि गरिने विभिन्न क्रियाकलापले गर्दा वायुमण्डलमा हरितगृह ग्यासको मात्रा बढेको छ । जलवायु परिवर्तनको नियमित प्रक्रियामा यसैले असर पुऱ्याइरहेको वैज्ञानिकले प्रमाणित गरिसकेका छन् । यसैको प्रत्यक्ष तथा अप्रत्यक्ष असर विभिन्न भौगोलिक क्षेत्रमा भिन्न रुपमा देखा परिरहेका छन् । हाम्रो जस्ता विकासोन्मुख देशले जलवायु परिवर्तन गराउन योगदान नगरे पनि यहाँको भौगोलिक विशिष्टता, सामाजिक तथा आर्थिक संरचना र सांस्कृतिक मूल्य मान्यताले गर्दा जनजीवन बढी कष्टकर बनेको छ ।

## जलवायु परिवर्तनको सवालमा समता

मानव विकासको क्षेत्रमा समतालाई एक शक्तिशाली अवधारणको रुपमा लिइन्छ । यसलाई जीवनको अवसरको रुपमा पनि लिने गरिन्छ । मानव समाज र विश्वव्यापी पर्यावरणको बहस यतिवेला समताको सवालमा केन्द्रित भएको छ । शाब्दिक अर्थमा समता भनेको निस्पक्ष, कानुनमा आधारित, न्याय र समानताको खातिर खास अवस्थामा कानुनको अधिनमा रही गरिने निर्णयहरुलाई समेत इंगित गर्दछ । समताले असमान र समानलाई एउटै श्रेणीमा राखी असमानलाई पूरक व्यवस्था गरेर समान बनाई दुवैको बीचमा समानता कायम गराउने माध्यमको काम गर्दछ । समग्रमा समता समानता ल्याउने माध्यम, नीति, रणनीति र मार्ग हो । समानता अन्तिम लक्ष्य हो भने समता (equity) लाई त्यहाँसम्म पुग्ने बाटोको रुपमा बुझ्नुपर्दछ ।

जलवायु परिवर्तनको प्रत्यक्ष प्रभावमा पर्ने, वन र वातावरणसँग प्रत्यक्ष सरोकार राख्ने, दिगो व्यवस्थापन र उपयोगमा प्रत्यक्ष संलग्न समुदाय जो वर्षौंदेखि गरिब र सामाजिक वञ्चितीकरणको मारमा परी सामाजिक, आर्थिक, राजनीतिक तथा अन्य दृष्टिकोणबाट पछाडि परेका समुदायको क्षमता अभिवृद्धि गरी सक्रिय सहभागी हुने वातावरणको सिर्जना गर्नु समानताको दृष्टिबाट अत्यन्तै आवश्यक छ । अविकसित मुलुकभित्रका ग्रामीण क्षेत्र र त्यहाँ बसोबास गर्ने समुदाय, जो वन क्षेत्र माथि जीविकोपार्जनका लागि प्रत्यक्ष निर्भर छन्, उनीहरुले स्रोत र साधनको उपभोगमा अवसर र पहुँचको अनुभूति गर्न पाइरहेका छैनन् । जसले गर्दा उनीहरुको राजनीतिक, सामाजिक र आर्थिक पहुँच दयनीय छ । यही समुदायलाई आज हामी विपन्न, वनमा आश्रित, बहिस्करणमा परेको उपमा दिएर चिनाइरहेका छौं । वातावरणको विनाश तथा जलवायु परिवर्तनको असरबाट सवैभन्दा बढी प्रभावित पनि यिनै हुन् । वनमा प्रत्यक्ष आश्रित समुदाय, महिला, दलित र बहिस्करणमा परेको वर्गले सबैभन्दा बढी दुःख पनि पाउँछन् ।

## रेडप्लसमा क्षमता अभिवृद्धि

रेडप्लसमा क्षमता अभिवृद्धि शब्द निकै प्रचलित हुँदै आएको छ । रेडप्लस कार्यान्वयन गर्ने राष्ट्रले रेडको क्षमता अभिवृद्धि गर्ने क्रियाकलापको योजना बनाउनु पर्ने हुन्छ । यसका लागि समग्रमा क्षमता अभिवृद्धि क्रियाकलापको आवश्यक लेखाजोखा गर्न आवश्यक हुन्छ । क्षमता अभिवृद्धि मूलतः व्यक्ति विशेषसँग सरोकार राख्ने कुरा हो । व्यक्ति वा संगठित वा असंगठित समूहहरुको क्षमता अभिवृद्धिविना विकासको प्रतिफल लक्षित

[1] पत्राचारः ganeshbk2@gmail.com

समुदायसम्म पुऱ्याउन र दिगो रुपमा कार्यान्वयन गर्न सकिंदैन । स्थानीय समुदाय (दलित, आदिवासी, महिला आदि) को सम्बन्धित विषयमा व्यक्तिगत क्षमतामा केही अभिवृद्धि गर्नु नै आधारभूत रुपमा क्षमता अभिवृद्धि हो । रेडप्लस आफैमा आयातित शब्द भएको हुँदा स्थानीय समुदायलाई नौलो लाग्नु स्वभाविक हो । रेडसम्बन्धमा आधारभूत विषयवस्तुलाई सरल र सहज रुपमा स्वतन्त्र, अग्रिम र सुसूचित हुनेगरी स्थानीय समुदायलाई जानकारी गराउनुपर्छ । यसो नगराइकन रेडप्लस सम्बन्धमा विभिन्न नीति तथा रणनीति निर्माण गरी योजना बनाउँदा यसको दीर्घकालिन कार्यान्वयन हुन कठिन हुन्छ र लक्षित समुदायको सहभागिता, प्रतिनिधित्व र न्यायोचित लाभांश वितरणमा चुनौती थपिने छ ।

## ग्रामीण समुदायको अवस्था

नेपाली समाज पितृसत्तात्मक सोच र चिन्तनबाट अगाडि बढिरहेको छ । देशका अधिकांश नीति-नियम पुरुषप्रधान हुनेगरी निर्माण भएको देखिन्छ । परम्परादेखि नै हरेक क्षेत्रमा पहुँच र अवसरबाट सम्भ्रान्त पुरुषहरुकै क्षमता अभिवृद्धि भएको देखिन्छ । परिणामस्वरुप महिला, दलित, आदिवासी र विपन्न समुदाय समग्र निर्णय प्रक्रियाबाट बञ्चित छन् । हाम्रो ग्रामीण समुदाय बहुजाति, भाषा, संस्कृतिमा विभक्त छ र भौगोलिक विकटताको कारणले पनि समग्र विकास र क्षमता अभिवृद्धिमा भिन्नता छ । नेपालको समग्र वन स्रोत व्यवस्थापनसँग सम्बन्धित नीति, ऐन, नियम, रणनीति र निर्देशिकाले सरोकारवाला तथा अधिकारवालासहित समाजका गरिब, महिला तथा सीमान्तकृत समुदायलाई समेत समग्र स्रोत व्यवस्थापनमा समावेशीकरण गर्न प्रोत्साहन गर्ने गरेको पाइन्छ । यद्यपि, समुदायमा आधारित सहभागितामूलक पद्धतिमा सफल ढंगले व्यवस्थापन भएको सामुदायिक वन व्यवस्थापनमा प्रस्ट नीति-नियम हुँदाहुँदै पनि विभिन्न वर्ग र तहमा विभाजित हाम्रो समाजमा विभिन्न लैंगिक, वर्गीय, जातीय, धार्मिक, भौगोलिक स्थान र चाहनामा विविधता रहेको पाइन्छ । उदाहरणका लागि सामुदायिक वनको लक्षित वर्गको विश्लेषण गर्ने हो भने उनीहरुको निर्णय प्रक्रियामा प्रतिनिधित्व कम छ । उनीहरु समिति, सभा, सम्मेलन, तालिम गोष्ठीमा आफ्ना आवश्यकतालाई प्रस्ट रुपमा व्यक्त गर्नेसक्ने अवस्थामा छैनन् । यदि बोलिहाले पनि उनीहरुको आवाजको सुनुवाई भइरहेको छैन । आवाज तथा भावनालाई सुनुवाई गरे पनि आधिकारिक रुपमा उठाएर छलफलको केन्द्रविन्दु बनाइँदैन । यदि सुनुवाई कथमकदाचित भयो भने सरल र प्राथमिकताका साथ कार्यान्वयन हुने अवस्था छैन । वन समूहका समितिभित्र अधिकार र अवसरलाई समान रुपमा उपभोग गर्ने पद्धतिको संस्थागत विकास हुन सकेको छैन । समूह र समितिभित्रबाट अवसर पाएर ज्ञान सीप हासिल गरेपछि त्यसको आदाप्रदान गर्ने प्रणालीलाई कार्यान्वयन गरिएको छैन ।

## वन, जलवायु र रेडप्लसको सन्दर्भमा समता

विकासको सन्दर्भमा समता नयाँ अवधारणा होइन । जलवायु परिवर्तन तथा वातावरणीय सवाल विश्वव्यापी रुपमा समताको सवालमा केन्द्रित भएर अन्तर्राष्ट्रिय बहस अगाडि बढिरहेका छन् । रेडप्लसको सन्दर्भमा पनि समताको बहस अपवाद हैन । रेडप्लसको विमर्शमा हालसम्म अन्तर्राष्ट्रियस्तरमा समताको सवाललाई केन्द्रित गरिएको छ । तर, राष्ट्रिय र स्थानीय समताका सवाललाई छलफलको केन्द्रविन्दु बनाइएको देखिंदैन । अन्तर्राष्ट्रिय समताका सन्दर्भमा मुख्यतया विकसित देशहरुको कार्बन उत्सर्जनमा ऐतिहासिक जिम्मेवारी र तद्अनुरुपको उत्सर्जन न्यूनीकरणका लागि विकासोन्मुख देशलाई आर्थिक सहयोग गर्नुपर्ने दायित्वमा केन्द्रित हुने गरेको छ । राष्ट्रियस्तरमा समताको सन्दर्भमा रेडप्लस परियोजनाले जीविकोपार्जन, भोगाधिकार, कार्बन अधिकार र सहभागिताले निर्णय प्रक्रियामा पार्ने प्रभाव रहेका छन् । रेडप्लसलाई हाल आएर ऐतिहासिक रुपमा बहिष्करणमा परेका आदिवासी समुदाय र वनमा आश्रित समुदायका आवश्यकता पूरा गरी जीविकोपार्जनमा सुधार गर्ने एक अवसरका रुपमा लिइएको छ, यद्यपि यो अत्यन्तै चुनौतीको रुपमा रहेको देखिन्छ ।

## समतालाई वेवास्ता गर्दा पर्नसक्ने प्रभाव

जलवायु परिवर्तन र रेडप्लसमा मात्र नभई समताका सवाल अन्य वातावरणीय सेवा जस्तैः जलाधार व्यवस्थापन, ठूल्ठूला खानी, काठ निष्कासन, र वंशानुगत स्रोत मुख्यगरी अधिकार, पहुँच, उपभोग, लाभांश र जीविकोपार्जनको क्षेत्रमा ऐतिहासिककालदेखि नै स्थानीयस्तरमा समताको सवालमा चुनौतीहरु देखिएका छन् । ऐतिहासिक प्रमाणले के देखाउँछन् भने महत्वपूर्ण प्राकृतिक स्रोत, जसको

व्यवस्थापन र उपभोग शताब्दीऔंदेखि उक्त स्रोतमा आश्रित समुदायले गरिरहेका छन् । उनीहरुलाई राज्य वा निजी क्षेत्रले वेवास्ता वा विस्थापन नै गरेका कारणले प्राकृतिक स्रोतको व्यवस्थापन र उपभोगमा द्वन्द्व सिर्जना हुने गरेको छ ।

समुदायमा आधारित दिगो वन व्यवस्थापनको सिकाइले के देखाउँछ भने कुनै पनि नीति नियम, रणनीति, योजना र कार्यक्रमहरु सामाजिक रुपले स्वीकार्य, वातावरणीय रुपले सन्तुलन र आर्थिक रुपले प्रभावकारी हुने समुदायको विविध आवश्यकतालाई मध्यनजर नगरी कार्यान्वयन गर्न सकिंदैन । यसरी समताका सवाललाई सम्बोधन गर्न सकिएन भने रेडप्लसको प्रभावकारी र किफायती कार्यान्वयन नहुन सक्छ । यसले गर्दा जहाँ रेडप्लसको क्रियाकलाप संञ्चालन गर्नुपर्ने हो, त्यस्तो क्षेत्रमा वनमा स्रोतमा आश्रित समुदायले आफ्नो परम्परागतदेखि चलिआएको जीविकोपार्जनमा केही हदसम्म सम्झौता गर्नुपर्ने हुन्छ । अन्ततः कार्यान्वयन र उपभोगमा द्वन्द्वको सिर्जना हुन्छ र वन विनाशका क्रियाकलापहरु निरन्तर भइरहने अवस्था सिर्जना हुन जान्छ ।

## नेपालको सन्दर्भमा सुरक्षा मापदण्ड

अन्तर्राष्ट्रिय मापदण्ड र स्थानीय समुदायको अधिकार संरक्षण गर्ने सन्दर्भमा जलवायु परिवर्तन तथा रेडप्लससँग सम्बन्धित नीति तथा परियोजना निर्माण तथा कार्यान्वयनमा सहभागी हुने अवसर सुनिश्चित गर्नका लागि सुरक्षा मापदण्ड शब्द प्रयोग गरिएको छ । सुरक्षा मापदण्डले कसैलाई पनि हानि नगरी सुनिश्चित गर्ने प्रयास गरिएको रेडप्लसमा समताको सवाललाई सम्बोधन गर्नका लागि सुरक्षासम्बन्धी अवधारणा महत्वपूर्ण विषयको रुपमा विकास भएको छ । रेडप्लस कार्यान्वयनबाट कुनै पनि क्षेत्रको सामाजिक, वातावरणीय र वन सुशासनको क्षेत्रमा सकारात्मक तथा नकारात्मक दुवै किसिमका प्रभाव पर्न सक्छ । रेडप्लस, अब एउटा अवधारणामा मात्रा सीमित नरही यो समग्र वन व्यवस्थापन प्रणाली तथा स्थानीय समुदायको जीविकोपार्जनसँग सम्बन्धित एक नीतिगत औजारको रुपमा विकसित हुँदै आएको छ । वन स्रोतमाथि निर्भरहरुको जीविकोपार्जलाई असर पर्ने गरी कार्यक्रम कार्यान्वयन गर्दा यसको दिगोपना माथि नै प्रश्नचिह्न पैदा हुन्छ । वनको दिगो व्यवस्थापनविना रेड कार्यक्रम असम्भव प्रायः छ भने दिगो व्यवस्थापनका निमित्त स्थानीय समुदायको सक्रिय सहभागिता र वन स्रोतमा आधारित समुदायको सामाजिक आवश्यकता निरन्तर पूरा हुनु पर्दछ ।

रेडप्लसमा सामाजिक, वातावरणीय र सुशासन सुरक्षासम्बन्धी व्यवस्थाका लागि जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसंघीय प्रारुप महासन्धि पक्षराष्ट्रहरुको मेक्सिकोको क्यानकुनमा भएको सम्झौताको रेडप्लसमा सुरक्षाको ७ वटा सिद्धान्तमध्ये चौथो नम्बरको सुरक्षाको सिद्धान्तले समताको सवालमा बढी जोड दिएको छ । यसअनुसार, *रेडअन्तर्गतका कार्यक्रमहरु सञ्चालन, रेडसम्बन्धी राष्ट्रिय रणनीति र योजना निर्माण, वनसम्बन्धी आधारविन्दुहरुको तयारी र रेडको अनुगमन प्रणाली विकास गर्दा खासगरी आदिवासी एवं स्थानीय समुदाय र सम्बद्ध सरोकारवालाको पूर्ण र प्रभावकारी सहभागितालाई प्रवर्द्धन गरिनेछ ।*

रेडप्लसमा सुरक्षाका लागि क्यानकुन सिद्धान्तहरु, रेडप्लसको सम्भावित प्रभाव न्यूनीकरणका लागि वन कार्बन साझेदारी कार्यक्रमको वातावरणीय र सामाजिक रणनीतिक मूल्यांकन प्रक्रिया र रेडप्लसका लागि स्वेच्छिक रुपमा सामाजिक र वातावरणीय मापदण्ड अवलम्बन गर्ने भएकाले यी मापदण्ड तयारी तथा कार्यान्वयन चरणमा नेपालको सन्दर्भमा समताका सवालहरुलाई सम्बोधन गर्नु महत्वपूर्ण छ ।

## समताको वर्गीकरण

समताको वर्गीकरण McDermott *et al.* (2011) बाट विश्लेषण गरिएको हो । यहाँ समतालाई निम्नअनुसार व्याख्या गर्न प्रयत्न गरिएको छ ।

| आयामहरु | केन्द्र विन्दु | समताका सवाल |
|---|---|---|
| वितरणशील | मुनाफा तथा लागत बाडफाँट | अस्पस्ट र पक्षपातपूर्ण मुनाफा वितरण प्रणाली प्रस्ताव, प्रस्तावित आम्दानीभन्दा रेडप्लसको स्थानीय अवसर मूल्य बढ्ता हुनु, बजारको उतारचढावले कार्बनको अनिश्चिततातिर निर्देशित, |
| प्रक्रियात्मक वा सहभागितात्मक | प्रक्रिया, आवाज, निर्णय प्रक्रिया | सूचनाको अभाव, विभिन्न तहमा सरोकारवालाबीच पारदर्शिताको अभाव, गुनासो सुनुवाई संयन्त्र प्रस्ट नहुनु, प्रतिनिधित्व हुने संयन्त्र प्रभावकारी नहुनु, विशेष समूहको सहभागिता न्यून वा नहुनु, |
| परिवेशमुलक | प्रारम्भिक अवस्था | जमिन वितरण र उपभोगमा द्वन्द्व, परम्परागत अधिकार र अपनत्वमा कानुनीरुपमा पहिचान नहुनु, स्रोतको प्रयोगको सिमांकन र अस्पष्ट जिम्मेवारी, ऐतिहासिक कालदेखि विशेष सरोकारवालाले स्रोतमाथि नियन्त्रण कायम राख्नु, कमजोर क्षमताको कारण विपन्न तथा बहिष्कृत समुदायले आफ्नो आवश्यकता, आवाज तथा दृष्टिकोणलाई प्रस्ट व्यक्त गर्न नसक्नु, |

**सहभागिता र समताः**

समताको दृष्टिकोणबाट निर्णय प्रक्रिया र पद्धतिमा सहभागितालाई मुख्य आधार बनाउन सकिएन भने न्यायोचित उपलब्धि हासिल गर्न सकिदैन। कुनै पनि क्रियाकलापको दिगो कार्यान्वयन र सहदायित्वको निमित्त समान सहभागिताले महत्वपूर्ण भूमिका खेलेको हुन्छ। रेडप्लस अन्तर्राष्ट्रियस्तरदेखि स्थानीय तहसम्म विभिन्न संघसंस्था तथा समुदायको सहभागिताबिना नीति निर्माण र विधि प्रक्रिया अगाडि बढाउनाले दिगो कार्यान्वयन र सहदायित्वको जिम्मेवारी नहुने हुन्छ। रेडप्लसका विभिन्न तहमा समान सहभागिताका लागि निम्न अवस्थाले बाधाअड्चन सिर्जना हुन्छ।

| स्तर | बाधाअड्चन |
|---|---|
| सीमान्तकृत समूह | दैनिक जीविकोपार्जनमा व्यस्त, सूचनाको पहुँच कम, क्षमता तथा सशक्तीकरणको अभावले आफनो आवश्यकता तथा आवाजलाई व्यक्त गर्न नसक्नु, संरचनात्मक प्रतिनिधित्व सुनिश्चित नहुनु, प्रभावकारी संलग्नता र भूमिकाको लागि पर्याप्त अनुभव नहुनु, लैगिंक असमानता, भौगोलिक विकटता आदि। |
| राष्ट्रिय बहुसरोकार तह | “टप टु डाउन” मानसिकता र पद्धति, आन्तरिक प्रतिस्पर्धा, राजनैतिक इच्छाशक्तिको सीमितताले वृहत सहभागिता नुहुन, लामो समय लाग्नु, निर्णयकर्तालाई प्रस्ट जिम्मेवारी नहुनु, सहभागिता र आवाजलाई समरुप बनाउन कम प्रयास गर्नु, |
| अन्तर्राष्ट्रिय तह | भाषिक समस्या, लैगिंक असमानता, युवाहरुको प्रतिनिधित्व कम, आर्थिक स्रोतको अभावले सहभागि हुन नसक्नु, विज्ञताको अभावले आफ्नो कुरा प्रस्ट राख्न नसक्नु, |

*Source: McDermott et al. (2011)*

## रेडप्लसका चुनौती

- हाल जलवायु परिवर्तन, रेडप्लस र कार्बन व्यापारको सन्दर्भमा सरोकारवाला तथा अधिकारवाला समक्ष क्षमता अभिवृद्धिका क्रियाकलाप अत्यन्तै सतही रुपमा निश्चित क्षेत्र तथा वर्गमा मात्र सञ्चालन भएको छ । क्षमता अभिवृद्धिका पर्याप्त स्रोत सामाग्रीहरु सरल, सुलभ र स्थानीय समुदायको आवश्यकतामा मेल खानेगरी विकास तथा प्रकाशन हुन सकेका छैनन् । नेपाल सरकारले तयार गरेको रेडको मार्गदर्शनको रुपमा हेरिएको रेडप्लस तयारी प्रस्तावना (आर.पी.पी.) राष्ट्रिय भाषामा समेत तयार गर्न सकिएको छैन । यसले रेडप्लस सम्बन्धमा मार्गदर्शन गरिएको कुराबारे प्रष्ट रुपमा अधिकारवाला तथा सरोकारवालाहरु अनविज्ञ रहेको स्पष्ट हुन्छ ।
- जलवायु परिवर्तन तथा रेडप्लसमा क्षमता अभिवृद्धिका लागि संस्थागत तथा प्राविधिक रुपमा प्राप्त सहयोग सहरकेन्द्रित भएका छन् । त्यसैले यसमा जसको पहुँच उनीहरुको हालीमुहाली भएको देखिन्छ । यसको अनुगमन तथा मूल्यांकन प्रणाली व्यवस्थित भएको छैन । लक्षित वर्ग भनेर पहिचान गरिएका दलित, वनमा आश्रित समुदाय, महिला, बहिस्करणमा परेका समुदायको यसमा न्यून सहभागिता छ ।
- नेपालमा एक सफल कार्यक्रमको रुपमा रहेको सामुदायिक वन व्यवस्थापन पद्धतिअन्तर्गत समुदायले साना-साना वन क्षेत्रदेखि तुलनात्मक रुपमा ठूला-ठूला चाक्ला वन क्षेत्रहरु सफलता पूर्वक व्यवस्थापन गरि रहेका छन् । यस्ता टुक्रा वनलाई समेटेर कार्बन व्यापारमा संलग्न हुँदा व्यवस्थापकीय दृष्टिकोणबाट प्राविधिक प्रक्रिया पूरा गर्न, क्षमता अभिवृद्धि गर्न र प्राप्त लाभलाई वितरण गर्दा आर्थिक रुपले फाईदाजनक हुने देखिंदैन ।
- रेडप्लस संयन्त्रबाट कार्बन व्यापारमा जाने सन्दर्भमा हाम्रो ग्रामीण समुदायमा जहाँ बढ्दो जनसंख्या र उत्पादनमूलक वन क्षेत्र कम रहेको अवस्थामा साथै वनलाई जीविकोपार्जनको मुख्य स्रोतको रुपमा वनमा निर्भर समुदायले व्यवस्थापन गरेका वन क्षेत्रहरु कार्बन व्यापारमा सम्झौता गरेर वैकल्पिक आवश्यकताको परिपूर्ति गर्ने स्रोतविना समुदायले दिगो रुपमा सम्झौताको कार्यान्वयन गर्छन् भन्ने विषय चुनौतीपूर्ण रहेको छ ।
- राष्ट्रिय रुपमा निर्माण भइरहेका नीति, रणनीति तथा योजनाहरु परामर्शदाताको समय, चाहना र निर्देशनअनुसार तयार भइरहेका छन् । विज्ञको नाममा परामर्शदाताहरुको समयको अनुकुलता र बजेटको सीमालाई आधार बनाएर यस्ता दीर्घकालीन महत्वका नीति तथा रणनीति यसरी निर्माण हुँदा कसरी लक्षित वर्गको आवाजलाई सम्बोधन गर्न सक्छ , यी नीति तथा रणनीतिबाट भविष्यमा दिगो रुपमा रेड कार्यान्वयन गर्न सहयोग पुग्छ र समताको सवाल सम्बोधन हुन्छ भन्ने कुरा अत्यन्तै चुनौतीपूर्ण रहेको छ ।

## सन्दर्भ सामाग्री


**Edwards, K.** 2013. Improving Equity in REDD+: A manual for Training Grassroots Facilitators First Draft For RECOFTC.

**IPCC**. 2007. Fourth Assessment Report of Intergovernmental Panel on Climate Change.

**McDermott, M., Mahanty, S. and Schreckenberg, K.** 2011**.** Defining Equity: A framework for evaluating equity in the context of ecosystem services.' Ecosystem Services for Poverty Alleviation Programme (ESPA), UK.

**Peskett, L., Vickers, B. and Graham, K.** August 2011. Equity Issues in REDD+ : Working paper produced for the project : "Safeguarding local equity as global values of ecosystem services rise".

**Timsina, N.P. and Luintel, H. 2003.** Equity and Social Justice in Natural Resource Management: A discussion note: Forest Action Nepal.

**रेडप्लसमा सुरक्षा मापदण्डहरु,** सत्र ८, रेडप्लस तालिम सहजीकरण अध्ययन सामग्री २०७० ।

**ओझा, हेमन्त.** २०६७. नेपालमा रेडको बहस वन कार्बन व्यापारको सम्भावना र चुनौती, *हाम्रो वन सम्पदा*, वर्ष ८ अंक २: ५७-६१ ।